## बीमकको  वित्तीय विवरण सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८०

स्वीकृत मिति: २०८०।११।२४

**प्रस्तावना:** बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८०लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम "बीमकको वित्तीय विवरण सम्बन्धी (पहिलो संशोधन) निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८० को दफा १६ मा संशोधन:** बीमकको वित्तीय विवरण सम्बन्धीनिर्देशन, २०८० को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले जलविद्युत तथा सौय उर्जा, पर्यटन, वायुसेवा, कृषि, केवलकार, शिक्षा, स्वास्थ्य, घरजग्गा र विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड क्षेत्रमा लगानी गरेको भए देहाय बमोजिमको रकम वितरणयोग्य मुनाफाबाट घटाउनुपर्नेछः-

| क्र.सं. | लगानीको क्षेत्र | वितरणयोग्य मुनाफाबाट घटाउनुपर्ने रकम |
|---|---|---|
| १ | जलविद्युत तथा सौर्य उर्जा | (क)बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनी लगानी गरेको मितिले पाँच वर्षसम्म धितोपत्र सम्वन्धी कानून बमोजिम सूचीकृत नभएमा बीमकले वित्तीय विवरणमा लेखाङ्कन गरेको उक्त लगानीको रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ।<br>(ख)जलविद्युत परियोजनाको आवश्यक व्यवसायिक सञ्चालन मिति (Required Commercial Operation Date) लगानी गरेको मितिले पाँच वर्ष भन्दा पछि भएको अवस्थामा आवश्यक व्यवसायिक सञ्चालन मितिभित्र लगानी गरेको कम्पनी सूचिकृत नभएमा बीमकले यस क्षेत्रमा भएको लगानी रकमलाई वितरणयोग्य मुनाफामा घटाउनुपर्नेछ । |
| २ | पर्यटन तथा वायुसेवा क्षेत्र | बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनी लगानी गरेको मितिले पाँच वर्षसम्म धितोपत्र सम्वन्धी कानून बमोजिम सूचीकृत नभएमा बीमकले वित्तीय विवरणमा लेखाङ्कन गरेको उक्त लगानीको रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ। |
| ३ | कृषि क्षेत्र | (क) बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनी लगानी |

| | | |
|---|---|---|
| | | गरेको मितिले पाँच वर्षसम्म धितोपत्र सम्वन्धी कानून बमोजिम सूचीकृत नभएमा बीमकले वित्तीय विवरणमा लेखाङ्कन गरेको उक्त लगानीको रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ ।<br>(ख) पाँच करोड वा सो भन्दा कम पुँजी लगानी भएको खण्डमा बीमकले लगानी गरेको तीन वर्ष अवधि पश्चात उक्त कम्पनीखुद नाफामा संचालन नभएमा बीमकले उक्त कम्पनीमा गरेको लगानी रकमलाई नोक्सानी भएको आर्थिक वर्षमा वितरणयोग्य मुनाफाबाट घटाउनुपर्नेछ । |
| ४ | केवलकार | बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनी लगानी गरेको मितिले छ वर्षसम्म धितोपत्र सम्वन्धी कानून बमोजिम सूचीकृत नभएमा बीमकले वित्तीय विवरणमा लेखाङ्कन गरेको उक्त लगानीको रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ। |
| ५ | शिक्षा र स्वास्थ्य क्षेत्र | (क) बीमकले शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनी लगानी गरेको मितिले पाँच वर्षसम्म धितोपत्र सम्वन्धी कानून बमोजिम सूचीकृत नभएमा बीमकले वित्तीय विवरणमा लेखाङ्कन गरेको उक्त लगानीको रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ।<br>(ख) बीमकले लगानी गर्नुपूर्व नै सञ्चालनमा रहेको संस्थाको हकमा उक्त कम्पनी सूचीकृत नहुञ्जेल लगानी गरेको मितिले दुई वर्ष पश्चात उक्त संस्था खुद नाफामा संचालन नभएमा बीमकले उक्त कम्पनीमा गरेको लगानी रकमलाई नोक्सानी भएको आर्थिक वर्षमा वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ । |
| ६ | घरजग्गा व्यवसाय क्षेत्र | बीमकले घरजग्गा व्यवसाय क्षेत्रमा गरेको लगानी रकमलाई परियोजना निर्माण अवधिसम्म उक्त परियोजना सम्पन्न हुन नसकेमा वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ । |
| ७ | प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | बीमकले विशिष्टीकृत लगानी कोष बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डमा गरेको लगानीको लेखाङ्कन गरेको रकम भन्दा उक्त फण्डमा भएको लगानीको खुद सम्पत्ति मुल्य (Net asset value) कम भएमा लेखाङ्कन गरेको रकम र फण्डमा भएको लगानीको खुद सम्पत्ति मुल्यको फरक रकमलाई वितरणयोग्य मुनाफा गणना गर्दा घटाउनुपर्नेछ । |